नेपाल सरकार

# राष्ट्रिय चिया तथा कफी विकास बोर्ड

कीर्तिपुर, काठमाण्डौ

**सन्दर्भः ३० औं राष्ट्रिय चिया दिवस**

२०८२ बैशाख १५

पत्रकार मित्रहरू,

भोलि मिति २०८२ बैशाख १५ गते राष्ट्रिय चिया तथा कफी विकास बोर्डको आयोजनामा ***"स्वस्थ चिया, दिगो बजार, समृद्ध नेपालको आधार।"*** मूल नाराका साथ ३० औं राष्ट्रिय चिया दिवस मनाउने कार्यक्रम रहेको छ । यस वर्षको चिया दिवसको औपचारिक कार्यक्रम सूर्योदय नगरपालिका, फिक्कल, इलाममा सञ्चालन हुनेछ । कार्यक्रमको प्रमुख आकर्षणको रुपमा विभिन्न ७ वटा विधामा उत्कृष्ट चिया कृषक, उद्योग तथा सहकारीहरूलाई सम्मान गरिनेछ भने टि च्याम्पियन प्रतियोगिताका विभिन्न ५ वटा विधाका उत्कृष्ट चिया उत्पादकलाई पुरस्कृत गरिनेछ । उक्त कार्यक्रममा सहभागी भई कार्यक्रमको रिपोर्टिङ गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

पत्रकार मित्रहरू,


वि.सं.१९२० मा इलामका तत्कालिन बडाहाकिम कर्णेल गजराज सिंह थापाले इलाममा चिया कमान स्थापना गरी सुरु भएको नेपाली चिया खेतीको इतिहास आजका दिनमा आउँदासम्म विभिन्न आरोहअबरोहहरूको सामना गर्नुपर्‍यो । बोर्डको आ.व. २०८१/८२ को तथ्याङ्क अनुसार नेपालमा कुल २०,६०२ हेक्टर जमिनमा चिया रोपण गरिएको छ भने अस अवधीमा २ करोड ६१ लाख केजी तयारी चिया उत्पादन भएको छ । नेपालमा १५,१३२ जना चिया कृषकहरू, १७० वटा टि स्टेट र साना मझौला गरी १२० वटा चिया प्रशोधन केन्द्रहरूमार्फत करिब ६०,००० रोजगारी सिर्जना गरेको अनुमान गरिन्छ । त्यसैगरी, भन्सार विभागको पछिल्लो तथ्याङ्क अनुसार यस आ.व. २०८१/८२ मा १ करोड ५६ लाख केजी चिया निर्यात गरेर नेपालले ४ अर्ब ५९ करोड रुपैयाँ वैदेशिक मुद्रा आर्जन गरेको छ ।


विभिन्न चुनौतीहरूका बावजुत पनि चिया कृषक, मजदुर, सहकारी, उद्योगी/व्यवसायी, सरोकारवाला संघसंस्थाहरू एवं विशेष गरी निजी क्षेत्रको अथक प्रयासका कारण नै आज नेपाली चियाले विश्व बजारमा आफ्नो दरिलो उपस्थिति एवं पहिचान देखाउन सफल भएको छ । तर पछिल्ला दिनहरूमा बजारीकरणको पाटोमा नेपाली चिया क्षेत्रले केही चुनौतीहरूको सामना गर्नु परिरहेको छ । नेपालले गरेको चियाको कुल निर्यातमध्ये ८६ प्रतिशत निकासी भारतमा नै भएको हुँदा भारतिय बजार नेपाली चियाको सबैभन्दा ठूलो बजार रहेको कुरामा दुई मत छैन । तसर्थ, बजार विविधिकरणमा आवश्यक पहलकदमी अझ सघन रुपमा गर्न आवश्यक छ । त्यसैगरी नेपालमा खाद्य प्रविधि प्रयोगशालाको सबलिकरण गरी निर्यात प्रवर्द्धनमा सहयोग गर्न जरुरी छ ।

फाइन्द्र राज पाण्डे
कार्यकारी निर्देशक
राष्ट्रिय चिया तथा कफी विकास बोर्ड

# नेपाली चियाको उत्पादन, रोपण, आयात, निर्यात सम्बन्धी पछिल्लो तथ्याङ्क

| Fiscal year | Export | | Import | | Plantation (ha) | Production (Kg) |
|---|---|---|---|---|---|---|
| | Export Qty (Kg) | Export Value (Rs..,000) | Import Qty (Kg) | Import Value (Rs..,000) | | |
| 2075/76 | 15,043,796 | 3,203,908 | 343,349 | 117,731 | 28,732 | 25,205,885 |
| 2076/77 | 11,185,198 | 2,782,841 | 218,629 | 77,397 | 16,901 | 24,118,250 |
| 2077/78 | 11,920,736 | 3,797,140 | 346,806 | 151,312 | 16,917 | 23,745,902 |
| 2078/79 | 12,494,252 | 3,434,350 | 203,713 | 83,645 | 20,237 | 26,379,493 |
| 2079/80 | 16,594,913 | 3,937,266 | 277,575 | 129,179 | 20,230 | 26,401,942 |
| 2080/81 | 13,916,034 | 3,625,012 | 44,318 | 37,830 | 20,760 | 26,983,175 |
| 2081/82 | 15,598,660 | 4,590,856 | 113,372 | 90,290 | 20,602 | 26,123,111 |




कार्यकारी निर्देशक

## Tea Plantation & Production In Nepal

## 2081/082 (2024/025)

| S.N. | District | No. of Estates | Estate Plantation Area (ha) | Small Farmers (No.) | Small Farmers Area (ha) | CTC Production (Kg) | Orthodox Production (Kg) | Green Tea Production (Kg) | Other Production (Kg) | Total Production Area (ha) | Production Total (Kg) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Jhapa | 86 | 5700 | 2993 | 4640 | 18626795 | 940000 | | | 10340 | 19566795 |
| 2 | Ilam | 36 | 3130 | 7674 | 4179 | | 5288186 | 810178 | 193009 | 7309 | 6291373 |
| 3 | Panchthar | 4 | 180 | 1000 | 460 | | 21732 | 23885 | 14026 | 640 | 59643 |
| 4 | Dhankuta | 4 | 236 | 536 | 145 | | 17937 | 6882 | 14978 | 381 | 39796 |
| 5 | Kaski | 2 | 62.5 | 50 | 20 | | 2050 | 150 | 0 | 82.5 | 2200 |
| 6 | Lamjung | 8 | 34.8 | 26 | 15 | | 100 | 0 | 0 | 49.8 | 100 |
| 7 | Terhathum | 1 | 60 | 562 | 295 | | 1665 | 15738 | 433 | 355 | 17836 |
| 8 | Taplejung | 3 | 62 | 200 | 71 | | 510 | 380 | 110 | 133 | 1000 |
| 9 | Bhojpur | 2 | 157 | 300 | 20 | | 50000 | 70000 | 20 | 177 | 120020 |
| 10 | Baglung | 3 | 12.5 | 20 | 4.75 | | 50 | 0 | 0 | 17.25 | 50 |
| 11 | Sankhuwasabha | 2 | 48 | 135 | 58 | | 0 | 5940 | 60 | 106 | 6000 |
| 12 | Nuwakot | 5 | 34.55 | 291 | 103 | | 800 | 100 | 100 | 137.55 | 1000 |
| 13 | Solukhumbu | - | - | 141 | 78.3 | | 1750 | - | - | 78.3 | 1750 |
| 14 | Morang | 1 | 16 | 22 | 18 | | 5000 | - | - | 34 | 5000 |
| 15 | Sindhupalchok | 1 | 77 | 37 | 8 | | 5400 | 2060 | 590 | 85 | 8050 |
| 16 | Udayapur | 1 | 300 | 735 | 18 | | 105 | 215 | - | 318 | 320 |
| 17 | Okhaldhunga | 1 | 9.2 | 68 | 12 | | 100 | - | - | 80 | 100 |
| 18 | Khotang | 1 | 30 | 50 | 10 | - | - | - | - | 40 | 0 |
| 19 | Chitwan | 1 | 1 | - | - | - | - | - | - | 1 | 0 |
| 20 | Myagdi | 1 | 0.35 | 16 | 1.8 | - | - | - | - | 17.8 | 0 |
| 21 | Sindhuli | 1 | 49 | 1 | 1 | - | - | - | - | 50 | 0 |
| 22 | Parbat | 1 | 1 | - | - | - | - | - | - | 1 | 0 |
| 23 | Kavrepalanchok | - | - | 25 | 5 | - | - | - | - | 5 | 0 |
| 24 | Gorkha | - | - | 2 | 2.5 | - | - | - | - | 2.5 | 0 |
| 25 | Dolakha | 1 | 10 | 30 | 11 | - | 78 | - | - | 21 | 78 |
| 26 | Lalitpur | - | - | 116 | 32 | | | | | 32 | 0 |
| 27 | Ramechhap | 3 | 18 | 80 | 46 | - | 2000 | - | - | 64 | 2000 |
| 28 | Pyuthan | - | - | 5 | 0.01 | - | - | - | - | 2 | 0 |
| 29 | Arghakhanchi | - | - | 15 | 30 | - | - | - | - | 30 | 0 |
| 30 | Kalikot | - | - | 1 | 10 | - | - | - | - | 10 | 0 |
| 31 | Gulmi | 1 | 1.75 | 1 | 0.15 | | | | | 1.9 | 0 |
| | **Total** | **170** | **10230.65** | **15132** | **10294.51** | **18626795** | **6337463** | **935528** | **223326** | **20602** | **26123111** |

Source: NTCDB Field offices

कार्यकारी निर्देशक